आज.मिति २०८१ साल कार्तिक २९ गते विहिबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८१/०८२ को छैटौं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति** :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री सुधिर साफी - सचिव -

**आमन्त्रित** :

श्री जनार्दन प्रसाद मेहता - सूचना प्रविधि अधिकृत -

श्री विन्देश्वर यादव - लेखापाल -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. कृषि विकास कार्यक्रम सम्बन्धमा ।
३. सरसफाई कर्मचारी तलब सम्बन्धमा ।
४. १० सैया अस्पतालको भुक्तानी सम्बन्धमा ।
५. जितिया विशेष तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्बन्धमा ।
६. अमर सिंह मा.वि.को ८ कोठे भवनको सम्बन्धमा ।
७. प्रथम मेयरकप नक आउट फुटबल प्रतियोगिता २०८१ सम्बन्धमा ।
८. मुल्यांकन समिति सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/०७/१२ गते बसेको आ.व. २०८१/०८२ को पाँचौ कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८१/०८२ नेपाल सरकार शशर्त अनुदान अन्तर्गत कृषि विकास तर्फ विनियोजित स्वीकृत बजेट शिर्षक २.७.१५.५०२ खाद्यन्न बालीका उन्नत विऊ उपयोगमा अनुदान (धान, गहुँ) रु. १०,७५,०००/- (अक्षरेपी दश लाख पचहत्तर हजार रुपैया मात्र) विनियोजित बजेट मध्ये ५० प्रतिशत कृषकको लागत व्यहोर्ने गरी प्रत्येक वडाबाट माग संकलन गर्ने र सोहि माग अनुसारको स्वीकृत बजेटबाट रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैया मात्र) छुट्याई उन्नत जातको गहुँको विऊ खरिद तथा वितरण गर्न सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.२ मा हाट-बजार सरसफाई गर्ने श्री सुनिता मरिक, देवानगञ्ज-२ लाई जिम्मा दिई मासिक रु. ८,०००/- (अक्षरेपी आठ हजार रुपैया मात्र) भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका वडा नं.२ मा १० सैया अस्पताल निर्माण हुँदै गरेको तत्काल प्रविधिक मुल्यांकन गरी देवानगञ्ज गाउँपालिकाको स्वीकृत बजेटको सातै वडामा सिचाई विद्युतिकरण शिर्षकबाट रु.

४०,००,०००/- (अक्षरेपी चालिस लाख रुपैया मात्र) सम्मको भुक्तानी दिने र १० सैया अस्पताल निर्माण कार्यको लागि सङ्घीय सरकारबाट आएको रकमबाट शोधभर्ना गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकामा जितिया विशेष तथा शुभकामना आदानप्रदान कार्यक्रम गरेको हुँदा सो बापत भएको खर्च रकम देवानगञ्ज गाउँपालिकाको चालुको समपुरक खर्च शिर्षकबाट रु. १,४५,०००/- (एक लाख पैंतालिस हजार रुपैया मात्र) भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका वडा नं. ५ स्थित रहेको अमर सिंह मा.वि.को ८ कोठे भवन निर्माण हुँदै गर्दा रनिङ्ग विलको भुक्तानीको लागि पेश भएको हुँदा अपुग रकम स्वीकृत बजेटको देवानगञ्ज गाउँपालिकाको पुजिगतको समपुरक खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकामा मिति २०८१/०८/०१ गते देखि २०८१/०८/०८ गते सम्म सञ्चालन हुने प्रथम मेयरकप नक आउट फुटबल प्रतियोगिता-२०८१ को लागि यस देवानगञ्ज गाउँपालिकाको पुजिगतको समपुरक खर्च शिर्षकबाट रकम रु. २,५०,०००/- (अक्षरेपी दुई लाख पचास हजार रुपैया मात्र) सम्मको आर्थिक सहयोग दिने सर्वसम्मत निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ को उपनियम १ बमोजिम यस देवानगञ्ज गाउँपालिकाको मुल्यांकन समिति तपसिल बमोजिम हुने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

१) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

२) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

३) विषयसँग सम्बन्धित प्राविधिक विशेषज्ञ - सदस्य

४) कानूनी सल्लहाकार - सदस्य

५) खरिद एकाइ प्रमुख - सदस्य सचिव